# विनियोजन विधेयक, २०८३

## आ.व. २०८३/०८४

नेचासल्यान गाउँपालिकाको कार्यालय
नेचाबेतघारी, सोलुखुम्बु
कोशी प्रदेश, नेपाल

पेश मिति : २०८३।०३।१०

# नेचासल्यान गाउँपालिका

**गाउँकार्यपालिकाको कार्यालय**

**नेचाबेतघारी, सोलुखुम्बु**

नेचासल्यान गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
नेचाबेतघारी, सोलुखुम्बु
कोशी प्रदेश, नेपाल

# नेचासल्यान गाउँपालिकाको आर्थिक बर्ष २०८३/२०८४ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विनियोजन विधेयक, २०८३

**प्रस्तावना :** नेचासल्यान गाउँपालिकाको आर्थिक बर्ष २०८३।०८४ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम नेचासल्यान गाउँसभाले यो ऐन बनाएको छ ।

## १. संक्षिप्त नाम र प्रारम्भः

(१) यस विधेयकको नाम **"नेचासल्यान गाउँपालिकाको विनियोजन विधेयक, २०८३"** रहेको छ ।

(२) यो विधेयक गाउसभाले स्विकृत गरे पश्चात २०८३ श्रावण १ गते देखि लागु हुनेछ ।

**(२) आर्थिक वर्ष २०८३।०८४ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः** (१) आर्थिक वर्ष २०८३।०८४ को निमित्त गाउँकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची-१ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च, ससर्त अनुदान, विषयगत अनुदान आन्तरिक आम्दानी र बित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु ५०,६२,२१,४५६।० (अक्षरुरेपी पचास करोड बैसठी लाख एकाइस हजार चारसय छपन्न मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

## ३. विनियोजनः

(१) यस विधेयकद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८३।०८४ को निमित्त नेचासल्यान गाउँकार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम रकमान्तर गर्न सक्नेछ। यसरी रकमान्तर गर्दा बिशेष परिस्थिति बाहेक एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकमान्तर गर्न तथा निकासा र खर्च जनाउन सकिनेछ । चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि मागमा आधारित तथा गाउँपालिका स्तरीय पूर्वाधार विकास र अन्य विषयका बिशेष कार्यक्रमको लागि एकमुष्ट बिनियोजन गरिएको रकमलाई गाउँ कार्यपालिकाको निर्णय र तोकिएबमोजिम कार्यान्वयन गर्न बाधा परेको मानिने छैन ।

४) अनुसूची २ मा रहेको व्यय अनुमानका आधारमा गाउँपालिकाले चालु र पुँजीगत शिर्षकबाट हुने खर्चहरु र जगेडा कोषमा रहेको खर्च शिर्षक अन्तर्गत खर्च गर्नेछ। तर ससर्त अनुदानको चालु तथा पूँजिगत खर्चको हकमा बिषयगत शाखा, चालु तथा पुँजीगत खर्च शिर्षक अनुसार नै खर्च गरिने छ।

५) बजेटमा व्यवस्था भए अनुसारको संघ, संस्थाहरुले बजेटमा स्वीकृत कार्यक्रमको हकमा खर्च गर्दा अनुसूची ३ बमोजिम गर्नेछ। साथै बजेटमा व्यवस्था नभएका अन्य सरकारी, गैरसरकारी संघ, संस्थाहरुले कुनै कार्यक्रम गर्दा गाउँ कार्यपालिकाबाट अनुमति लिएर मात्र कार्यक्रम तथा खर्च गर्न सक्नेछन् ।

६. यस ऐन पारित हुनु भन्दा अगाडि यस गाउँपालिकाबाट भएका सम्पूर्ण काम कारबाहीहरु यसै विधेयक बमोजिम भएको मानिनेछ ।

अनुसुची - १

## (दफा २(१) संग सम्बन्धित)

### आर्थिक वर्ष २०८३/०८४ को अनुमानित आय विवरण

नेचासल्यान गाउँपालिका

नेचाबेतघारी , सोलुखुम्बु

### आर्थिक बर्ष २०८३/०८४ को अनुमानित आय विवरण

| .सं. | श्रोत | बिनियोजित बजेट | | | शशर्त | निशर्त |
|---|---|---|---|---|---|---|
| | | ०८१/८२बजेट | ०८२/८३बजेट | ०८३/०८४बजेट | | |
| | संघीय सरकार | | | | | |
| १.१ | सर्सत अनुदान | २३६,८२९,०००।० | २३९,१००,०००।० | २४०,९००,०००।० | २४०,९००,०००।० | |
| १.२ | वित्तीय समानीकरण अनुदान | ११४,१००,०००।० | १०९,७००,०००।० | १११,३००,०००।० | | १११,३००,०००।० |
| १.३ | राजश्व बाँडफाँड | ६३,५००,०००।० | ६५,१६९,७४१।० | ६७,६५७,०००।० | | ६७,६५७,०००।० |
| १.४ | संघीय समूरक अनुदान | १५,०००,०००।० | १२,२००,०००।० | २२,९००,०००।० | २२,९००,०००।० | |
| १.५ | संघीय बिशेष अनुदान | १०,०००,०००।० | ३९,०००,०००।० | १८,०००,०००।० | १८,०००,०००।० | |
| | प्रदेश सरकार | | | | | |
| २.१ | सर्सत अनुदान | ४,१७०,०००।० | ३,८२६,०००।० | २,५१०,०००।० | २,५१०,०००।० | |
| २.२ | प्रदेश सरकार वित्तीय समानिकरण | ७,१७०,०००।० | १०,७५४,०००।० | १०,७४२,०००।० | | १०,७४२,०००।० |
| २.३ | प्रदेश राजश्व बाँडफाँड | २,०५१,०००।० | ४,३२९,०००।० | ५,२१२,४५६।० | | ५,२१२,४५६।० |
| २.४ | समूरक अनुदान | १०,०००,०००।० | १२,०००,०००।० | १४,०००,०००।० | १४,०००,०००।० | |
| | मालपोत रजिष्ट्रेसन बापत | १,०००,०००।० | २५०,०००।० | ५००,०००।० | | ५००,०००।० |
| | आन्तरिक श्रोत | ६,७८०,०००।० | ६,३५०,०००।० | ७,५००,०००।० | | ७,५००,०००।० |
| | अन्य संस्थागत अनुदान | | ५,९४२,१४२।० | ( | | ( |
| | चालु आ.व. बाट संचितकोषमा जाने | ९,६००,०००।० | ११,५००,०००।० | ५,०००,०००।० | | ५,०००,०००।० |
| | जम्मा रकम | ४८०,२००,०००।० | ५२०,१२०,८८३।० | ५०६,२२१,४५६।० | २९८,३१०,०००।० | २०७,९११,४५६।० |

अनुसुची - २

## (दफा ३(४) संग सम्बन्धित)

**२. नेचासल्यान गा.पा. आर्थिक वर्ष २०८३/०८४ मा चालु, पूँजीगत र सशर्त अनुदानबाट हुने आय विवरण :**

| नेचासल्यान गा.पा. आर्थिक वर्ष २०८३/०८४ को अनुमानित व्यय विवरण | | कैफियत |
|---|---|---|
| कार्यक्रम | विनियोजित रकम | |
| चालु तर्फ खर्च | ३६,९६,९२,०५६।० | |
| पुजीगत तर्फ | १३,६५,२९,४००।० | |
| जम्मा | ५०,६२,२१,४५६।० | |

**अनुसुची - ३**

## (दफा ३ (५) संग सम्बन्धित)

३. नेचासल्यान गा.पा. आर्थिक वर्ष २०८३/०८४ को संघ संस्थाहरुको वजेटवाट हुने व्यय विवरण :

| नेचासल्यान गा.पा. आर्थिक वर्ष २०८३/०८४ को व्यय विवरण | | कैफियत |
|---|---|---|
| कार्यक्रम | विनियोजित रकम | |
| NA | | |
| NA | | |